
# लेखापरीक्षण प्रतिवेदन

# सुनछहरी गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सुनछहरी गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/559

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

सुनछहरी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रोल्पा।

## कैफियतसहितको राय

हामीले यस गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेश गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकिकृत वित्तीय विवरण (म.ले.प.फा.नं- २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको रू.९ करोड २० लाख २७ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम तर्फको रू.१ करोड ६१ लाख ७४ हजार र गरिवसँग विश्वेश्वर कार्यक्रम तर्फको रू.४ लाख १५ हजार गरी जम्मा रू.१० करोड ८६ लाख १६ हजार सुत्रमा लेखांकन गरेको छैन ।

२. यस गाँउपालिकाको रु.८६ करोड ४ लाखको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ६२ लाख ९२ हजार बेरुजु देखिएको छ। यस सम्बन्धमा रु.२ लाख ९७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु.१ करोड ५९ लाख ९५ हजार रहेको छ । कुल बेरुजुमध्ये असुल गर्नुपर्ने रू.६ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २४ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २८ लाख ४५ हजार रहेको छ। गत वर्षसम्म रु.८ करोड ८४ लाख ३३ हजार बेरुजुमध्ये रु. ६६ लाख ५६ हजार फर्स्योट भई रु. ८ करोड १७ लाख ७७ हजार बाँकी रहेकोमा यो वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ७७ लाख ७२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सुनछहरी गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सुनछहरी गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय

विवरणका उपयोगकर्तालै सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | ४२ | १,६२,९२,६७७ | ० | ८ | २,९७,३२५ | ० | ७२ | ३४ | १,५९,९५,३५२ | ६,८३,७५२ | १,२८,४५,५१६ | २४,६६,०८४ | ० | ० | १,५३,११,६०० | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोल्पा | ८,८४,३३,००० | ० | ६६,५६,०६६ | ८,१७,७६,९३४ | ० | १,५९,९५,३५२ | ९,७७,७२,२८६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४१ | सुविधा भुक्तानी | २,८५,१२० |
| २ | २०८०/८१ | ५९ | पुर्वनिर्धारित क्षतिपूर्ति | १२,२०५ |
| ३ | २०७९/८० | ८.५ | राजस्व | २१,००६ |
| ४ | २०७९/८० | २६ | जनप्रतिनिधीहरुको लागि क्षमता अभिबृद्धि तालिम | ५८,८४० |
| ५ | २०७९/८० | २७ | गाँउपालिकाले उपभोक्ता समुहका पदाधिकारिलाई अभिमुखिकरण कार्यक्रम | १०,९९० |
| ६ | २०७९/८० | ११ | कार्य सम्पन्न पेश गर्नुपर्ने | २५,००,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७९/८० | ३.२ | जनशक्ति व्यवस्थापन | ३९,१५,२३० |
| ८ | २०७९/८० | ७ | अनुदान | १,५०,००० |
| जम्मा | | | | ६९,५३,३९१ |

# (८०५५४५०८३०० - सुनछहरी गाउँपालिका, रोल्पा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।६।७ देखि २०८१।६।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको जम्मा रु. ८६ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **सन्चित कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय/व्यय हिसाबको आर्थिक वर्ष २०८०/८१ को कोषको संचित व्यवस्था निम्न अनुसार रहेको छ ।

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | |
|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | | ९,१८,९६,११२.३२ | ० | ९,१८,९६,११२.३२ |
| १३००० | अनुदान | | २१,७४,३५,०४६.७१ | ० | २१,७४,३५,०४६.७१ |
| १४००० | अन्य राजस्व | | २५,५४,९६८.९९ | ० | २५,५४,९६८.९९ |
| १५००० | विविध प्राप्ति | | १,२१,८२२.०० | ० | १,२१,८२२.०० |
| क | कुल **जम्मा प्राप्ति** | | ३१,२०,०७,९५०.०२ | | ३१,२०,०७,९५०.०२ |
| ३ | चालु | | २३,२०,०४,६८९.०३ | ० | २३,२०,०४,६८९.०३ |
| २१००० | पारिश्रमिक / सुविधा | | ९,०२,८८,६५१.३९ | ० | ९,०२,८८,६५१.३९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १३,४७,५७,५८०.६४ | ० | १३,४७,५७,५८०.६४ |
| २५००० | सहायता (Subsidy) | | २,००,०००.०० | ० | २,००,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ५१,८३,१०३.०० | ० | ५१,८३,१०३.०० |
| २८००० | अन्य खर्च | | १५,७५,३५४.०० | ० | १५,७५,३५४.०० |
| ४ | पूंजीगत | | ९,२२,०७,७१५.०० | ० | ९,२२,०७,७१५.०० |
| ३१११० | भवन तथा संरचना | | ३,५०,७३,७९५.०० | ० | ३,५०,७३,७९५.०० |
| ३११२० | सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | | ५१,९०,५७९.०० | ० | ५१,९०,५७९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | २७,८१,८४७.०० | ० | २७,८१,८४७.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ४,८९,६४,०५५.०० | ० | ४,८९,६४,०५५.०० |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | | १,९७,४३९.०० | ० | १,९७,४३९.०० |
| ख) | कुल **जम्मा भुक्तानी** | | ३२,४२,१२,४०४.०३ | | ३२,४२,१२,४०४.०३ |
| ग) | बचत **/ कमी (ग = क-ख )** | | (१,२२,०४,४५४.०१) | | (१,२२,०४,४५४.०१) |
| घ) | धरौटी**, आकस्मिक कोष लगायतका** | | ९,७९,८९३.३१ | | ९,७९, |

| | | | | | |
|---|---|---|---|---|---|
| | **अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | | | ८९३.३१ |
| घ.१) | कट्टी **रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | -१,८०८.०० | | -१,८०८.०० |
| ङ) | यस **आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | (१ , १२ , २४ , ५६०.७०) | | (१ , १२ , २४ , ५६०.७०) |
| च) | गत **आ.व.को नगद तथा बैंक मौज्दात** | | ४, ०८ , ४५ , ९३२.८० | | ४, ०८ , ४५ , ९३२.८० |
| छ) | विनिमय **नाफा/ घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | आ.व. **अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | २, ९६ , २१ , ३७२.१० | | २, ९६ , २१ , ३७२.१० |

पालिकाबाट तयार गरेको म.ले.प.फा.नं. २७० ले कोष तथा धरौटी कोषको मौज्दातमा रु.९७९८९३.३१ थप समायोजन गरेको छ । उक्त समायोजन रकमको प्रमाण पेश गर्नुपर्दछ ।

३ **अन्तर सरकारी वित्त हस्तान्तरण**

पालिकाले तयार गरेको आर्थिक विवरणमा निम्नानुसारको कारोवार समावेश भएको छैन ।

| बजेट उपशिर्षक | निकासा | खर्च |
|---|---|---|
| गरिवसँग विश्वेश्वर कार्यक्रम | ४१५००० | ४१५००० |
| सामाजिक सुरक्षा तथा संरक्षण | ९२०२६६०३ | ९२०२६६०३ |
| एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १६१७४५१७ | १६१७४५१७ |
| जम्मा | १०८६१६१२० | १०८६१६१२० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **स्वीकृत ढाँचा**

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

४.२ प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.३१ करोड २० लाख ७ हजार र गत वर्षको मौज्दात रु.४ करोड ८७ लाख ७२ हजार समेत जम्मा रु.३६ करोड ७ लाख ८० हजार र कुल भुक्तानी रु.३२ करोड ४२ लाख १२ हजार र धरौटी आकस्मिक कोषमा रु.९ लाख ७९ हजार थप समायोजन रकम देखाई रु.२ करोड ९६ लाख २१ हजार अन्तिम मौज्दात देखिन्छ ।

४.३ पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन

## ५ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार बैङ्क मौज्दात रु.४३९७५१२.२२ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | समायोजन | बैङ्क मौज्दात |
|---|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ४७१७८४३४.०६ | ३४९२४८१५३.५८ | ३६२४०७७०३.३२ | | ३४०१८८८४.३२ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४८७७२१७५.६७ | ३१२००७९५०.०२ | ३२४२१२४०४.०३ | ९७९८९३.३१ | २९६२१३७२.१० |
| **फरक** | | | | | **४३९७५१२.२२** |

## ६ खर्च बिश्लेषण

पालिकामा यस बर्ष कुल आन्तरिक आयबाट रु.२६ लाख ७७ हजार राजस्व बाँडफाँटबाट रु.९ करोड १८ लाख ९६ हजार र अनुदानबाट रु.२१ करोड ७४ लाख ३५ हजार समेत रु.३१ करोड २० लाख ७ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२३ करोड २० लाख ५ हजार (७२ प्रतिशत) र पूँजिगत तर्फ रु.९ करोड २२ लाख ८ हजार (२८ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा रु.२६ लाख ७७ हजार (०.८३ प्रतिशत) रहेको छ । यस बर्ष प्रशासनिक खर्च वापत रु.९ करोड २ लाख ८९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३४ गुणा बढी खर्च हो । पालिकाले चालु खर्चमा मितव्ययिता कायम गर्दै पुँजीगत खर्चमा वृद्धि गर्नुपर्दछ ।

## ७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गरि लागु गरेको छ । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासम्भव दाखिला गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

• भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरुको नाममा भुक्तानी दिई निजहरु मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।

## ८ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी अषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने ब्यबस्था छ र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृति भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले (प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ब्यबस्था छ) यस स्थानीय तहमा बर्तमान उपाध्यक्ष श्री ननकला घर्तीले २०८०।३।८ गते रु.४०९६६२१०५.७० को बजेट सभा समक्ष पेश गरी मिति २०८०।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/३/३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार

गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

### १० बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो पर्न सक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

### ११ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा, कार्यक्रम र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । पालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार ३६ योजनाको लागि विनियोजन भएको रु.१ करोड ५१ लाख ५० हजार बजेटबाट ३९ योजना थप गरी रु.१ करोड ५१ लाख ५० हजार बजेट २०८०।९।२० को हिउदे सभाले रकमान्तर तथा स्रोतान्तर गरेको छ ।

### १२ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

### १३ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ४ वटा नियमावली, ४३ वटा कार्यविधि, ५ वटा अन्य समेत ७६ वटा कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

### १४ न्याय सम्पादन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ। समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

| अ.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| १ | १० | ११ | ८ | ० | ३ |

### १५ योजनाको प्रगति

पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष १२४ वटा योजना विनियोजन गरी १२४ वटा योजना मध्ये ६ वटा योजना ठेक्का मार्फत र बाँकी ११८ वटा योजना उपभोक्ता समिति मार्फत कार्य गराई २ वटा शुन्य प्रगति, २ वटा योजनाको ५० देखि ७५ प्रतिशतसम्मको प्रगति र बाँकी १२० वटा योजनाको ७५ प्रतिशतभन्दा माथिको प्रगति गरी औषत भौतिक प्रगति ९९ प्रतिशत र औषत वित्तीय प्रगति ९९ प्रतिशत भएको छ ।

१६ **योजना तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | १ लाख सम्म | १४ वटा |
| २ | १ लाख देखि ५ लाख सम्म | ६१ वटा |
| ३ | ५ लाख देखि २० लाख सम्म | ४० वटा |
| ४ | २० लाख देखि ५० लाख सम्म | ७ वटा |
| ५ | ५० लाख भन्दा माथि | २ वटा |
| | जम्मा | १२४ वटा |

१७ **कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थाई र करार गरी ८८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर, प्रशासन अधिकृत, शिक्षा अधिकृत, कृषि अधिकृत, पशु विकास अधिकृत, लेखा अधिकृत, लेखा सहायक, आन्तरिक लेखा परीक्षक, जनस्वास्थ्य अधिकृत सहित ४० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१८ **कर्मचारी करार**

१८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले करार सेवा शुल्कमा विभिन्न पदमा कर्मचारीहरुलाई स्वीकृत दरबन्दीभित्र पालिका तर्फ इन्जिनियर, सव-इन्जिनियर, कार्यालय सहयोगी तथा सवारी चालक सहित १४ जना कर्मचारी र स्वीकृत दरबन्दी बाहेक एम्बुलेन्स चालक, आँखा केन्द्रमा कार्यरत कर्मचारी, पोषण सहजकर्ता र उद्यम सहजकर्ता सहित ३१ जना करारमा राखी रु.१३१५३८१९ खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरेको छ । पालिकाले विधिपूर्वक स्थाई पदपुर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ।

१८.२

पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) भन्दा विपरीत हुने गरी पालिकाले लाभ लागत तथा आवश्यकताको विश्लेषण नगरी पालिकाको स्वीकृत दरबन्दीमा नभएको २ जना आँखा केन्द्रमा काम गर्ने कर्मचारीलाई करारमा नियुक्त गरी वार्षिक रुपमा रु.७३१४९० खर्च गरेको छ । पालिकाको स्वीकृत दरबन्दी भन्दा बाहिरी पदमा करार नियुक्त गरी भुक्तानी गरेको अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,३१,४९० |

१९ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष गाउँसभाबाट तलवी प्रतिवेदन पारित गराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १५ जना कर्मचारीको रु.६१ लाख ८८ हजार र पालिका तर्फ १९ जना स्थाई कर्मचारीको रु.१ करोड १ लाख ४० हजार खर्च लेखेको छ । कानूनमा व्यवस्था भए अनुसार आन्तरिक लेखापरीक्षकद्वारा तलबी प्रतिवेदन पारित गरी सभाबाट अनुमोदन गराई तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ रु.२८ लाख ५७ हजार विनियोजन गरी रु.२२ लाख ८० हजार खर्च गरेको छ । खाजा, खाना तथा विभिन्न सामान खरिद गरी विविध खर्च शिर्षकमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । पालिकाले आगामी दिनमा मापदण्ड बनाई आवश्यक्ता र औचित्यको अधारमा खर्च गरि यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२१ **सवारी साधान व्यवस्थापन**

सवारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म.ले.प. फाराम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

पालिकाले समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

२२ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष विपद् व्यवस्थापन कोष रु.१५ लाख अबण्डा बजेट राखी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

२३ **क्षेत्रगत बजेट**

पालिकाको कुल बजेट रु.४० करोड ९६ लाख ६२ हजार र खर्च रु.३२ करोड ४२ लाख १२ हजार खर्च भई समग्रमा ७९.१४ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| क्र.सं. | क्षेत्रगत बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| 1. | आर्थिक विकास | १९५७३२८३ | ६.०३ |
| 2. | सामाजिक विकास | १३९२३५२०९ | ४२.९४ |
| 3. | पूर्वाधार विकास | ६९७८०७६५ | २१.५२ |
| 4. | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३०२९५७२४ | ९.३४ |
| 5. | कार्यालय संचालन तथा प्रशासनिक | ६५३२७४२३ | २०.१४ |
| जम्मा | | ३२४२१२४०४ | १०० |

उपरोक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४२.९४ प्रतिशत, पूर्वाधार विकासमा २१.५२ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा २०.१४ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ९.३४ प्रतिशत र आर्थिक विकास तर्फ ६.०३ प्रतिशत मात्र रहेको देखियो । अत: आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

## २४ त्रैमासिक खर्च प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शिर्षक | कुल पूजिगत खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| 1 | पुँजिगत | ९२२०७ | ३९८५ | १५५७० | २७२४७ | ४५४०५ | २१५९३ |

## २५ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउने तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यावन्यनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ । पालिकाले आ.व. २०८०।८१ मा प्रवाह गरेको सेवाको विवरण निम्न छन् :

| वितरण | जम्मा |
|---|---|
| जन्मदर्ता | ८२० |
| मृत्युदर्ता | १८७ |
| बसाईसराई दर्ता | ५८ |
| विवाह दर्ता | २८९ |
| सम्वन्ध विच्छेद दर्ता | ११ |

## २६ कोष व्यवस्थापन

गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष, मर्मत खाता र कल्याणकोष खाता जस्ता विभिन्न नामले कोष खडा गरेको छ । आवश्यक नदेखिएका कोषहरु आपसमा मर्ज गरी एउटै कोषवाट कार्य संचालन गर्ने गरी कार्य गर्नुपर्दछ ।

## २७ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.५१ लाख ७५ हजार प्राप्त गरेकोमा पालिकाले राजश्वका स्रोतको उचित विश्लेषण गरी आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शिर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ० | १, ७८ , ६८०.१६ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १७, ०० , ०००.०० | १५, २७ , ८६२.२५ |
| ३ | ११३१७ | वहाल कर | २, ८० , ०००.०० | १, ७८ , ६४४.०० |
| ४ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ५, ५० , ०००.०० | ३, ३२ , ५२५.०० |
| ५ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | ५०० |
| ६ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३०,०००.०० | ३१,१५२.०० |
| ७ | ११६९१ | अन्य कर | ० | २, ७३ , ५१६.४८ |
| ८ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ४३,९००.०० |
| ९ | १४२१८ | विद्युत सेवा शुल्क | ० | ४२,३६५.९३ |
| १० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | २, ८५ , ०१५.०० |
| ११ | १४२२१ | न्यायिक दस्तूर | ५,०००.०० | १३,०५०.०० |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४, ०० , ०००.०० | ६२,७४६.०० |
| १३ | १४२४३ | सिफारिश दस्तुर | ३, ५० , ०००.०० | ७, २६ , ६००.०० |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३, १० , ०००.०० | २, ८४ , ७००.०० |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३०,०००.०० | २, ०२ , ८००.०० |
| १६ | १४२४९ | अन्य दस्तुर | ३, ०० , ०००.०० | ५, ७० , ८८०.५९ |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०,०००.०० | ० |
| १८ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ० | ७,८००.०० |
| १९ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | १५,०००.०० | ५०० |
| २० | १४५२९ | अन्य राजस्व | ० | २९,६४०.०० |
| २१ | १४६११ | व्यवसाय कर | ० | २, ५९ , ६५०.०० |
| २२ | १५१११ | बेरूजू | ० | १, २१ , ८२२.०० |
| जम्मा | | | ४०, ०० , ०००.०० | ५१, ७४ , ३४९.४१ |

२८ **घरजग्गा बहाल कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु.१७ लाख ६ हजार संकलन भएको देखिन्छ । पालिकाले वहाल कर

सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

२९ **राजश्व अभिलेख**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प. फारम नं. २१२ राजश्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प.फा. नं. २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शिर्षकगत आम्दानी भिडान गर्न सकिएन । अतः नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

३० **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रु.२ लाख ६० हजार प्राप्त भएको छ । पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

३१ **राजश्व परामर्श समिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अतः नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ ।

३२ **राजश्व संकलन**

पालिकाले राजश्व संकलन, लेखांकन र प्रतिवेदनको लागि स्थानीय सन्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोग गरेको छ । पालिकाको राजश्व संकलनको लक्ष्य रु. ४० लाख रहेकोमा रु. ५१ लाख ७३ हजार ३४९ संकलन गरेको छ । उक्त प्रणालीवाट तयार भएको राजश्वको वार्षिक प्रतिवेदनअनुसार वडागत राजश्वको अवस्था यसप्रकार छ ।

| क्र. सं. | विवरण | रकम ( रु.) |
|---|---|---|
| १ | गाँउपालिका | ११२३१२८.७३ |
| २ | वडा नं १ | ३६५९५९.११ |
| ३ | वडा नं २ | ३७७९५२.७३ |
| ४ | वडा नं ३ | ४८८६५५.८१ |
| ५ | वडा नं ४ | ३८८५०३.४९ |
| ६ | वडा नं ५ | ७८३९०२.६२ |
| ७ | वडा नं ६ | ३२३८५०.२५ |
| ८ | वडा नं ७ | ४२०५९०.६७ |
| ९ | पोवाङ ग्रामिण आँखा केन्द्र | २८५०१५ |
| १० | पशु सेवा शाखा लगायत ५ वटा शाखा | ६१६७९२ |
| जम्मा | | ५१७४३४९.४१ |

### ३३ फिल्ड भत्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै कार्यको लागि अनावश्यक रुपमा दोहोरो खर्च भए नभएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १ जना इन्जिनियर र ६ जना सहायक प्राविधिकलाई शुरु तलब स्केलको ४० प्रतिशतका दरले वार्षिक रुपमा रु.११ लाख ७२ हजार भुक्तानी भएको छ । पालिकाले आगामी दिनमा दोहोरो सुविधा नपर्ने गरी कार्य सम्पादनका आधारमा प्रोत्साहन भत्ता वितरण गरी यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

### ३४ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

### ३५ छपाई

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु.२० लाख रुपैंयासम्म लागत अनुमान भएको खरिद कार्य गर्न ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले आवधिक पञ्चवर्षिय योजना ५०० थान छपाई गरेवापत आर.के.एस. प्रिन्टिङ प्रेसलाई गो.भौ.नं. १८०/२०८०/९/१९ बाट रु.४८८९००, ११ वटा विद्यालयमा मगर खाम भाषा अध्ययन गराउने हेतुले स्थानीय विषय अन्तर्गत मगर खाम भाषाका कक्षा १ को पाठ्यपुस्तक (१४०० थान गेमी सुनछहरी किताव र पाठ्यक्रम आधारभूत तह ६० थान) छपाई वापत कानून प्रिन्टिङ प्रेसलाई गो.भौ.नं. ७/२०८०/६/९ बाट रु.३९९९९१ र स्थानीय विषय अन्तर्गतका मगर खाम भाषाका कक्षा २ र ३ को पाठ्यक्रम छपाई तथा वितरण वापत याङजी प्रेस (गेमी सुनछहरी पाठ्यपुस्तक कक्षा १ को लागि ५३५ थान, कक्षा २ को लागि ७०० थान र कक्षा ३ को लागि ५६५ थान) लाई गो.भौ.नं. ६७४/२०८१/३/२० बाट रु.९६५७७९ गरी छपाई कार्यको लागि छुट्टा छुट्टै मूल्य सूची माग गरी कुल रु.१८५४६७० खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार १० लाखभन्दा

बढी २० लाखसम्मको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रअनुसार खरिद गर्नुपर्नेमा पालिकाले टुक्रा टुक्रा पारि सोझै खरिद गरेको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,५४,६७० |

३६ **गरिबसँग बिश्वेशर**

लुम्विनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयद्वारा जारी कार्यविधि अनुसार भकारो सुधार कार्यक्रम संचालन गर्न कम्तीमा २ वटा ठूला पशु पालन गरेका कृषकलाई स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार फ्लोर तथा नाली सहितको मुत्र संकलन खाडल निर्माण वा ड्रम खरिद र मलखादमा छानो बनाउने कार्यका लागि अधिकतम ५० प्रतिशतसम्मको अनुदान वा प्रति योजना (२ ठूला पशुको लागि) अधिकतम रु.१५ हजार र प्रति योजना (३ वा सोभन्दा बढी ठूला पशुको लागि) अधिकतम रु.३० हजार सम्म अनुदान प्रदान गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले सो कार्यविधि विपरीत हुने गरी कृषकले पालन गरेको ठूला पशुको संख्या आंकलन नगरिकनै रु.२ लाख विनियोजित बजेटलाई ५ जनाको भागमा जनही रु.४० हजारको दरले अनुदान रकम उपलब्ध गराएकोमा कार्यविधि भन्दा बढी अनुदान वापत भुक्तानी भएको रकम रु.५० हजार र निर्मित संरचनाको लागत अनुमान तथा कार्यसम्पादन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

३७ **प्रोत्साहन भत्ता**

सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महंगी भत्ता र स्थानीय भत्ता वाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे वापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ । पालिकाले कार्यपालिकाबाट निर्णय गराई अतिरिक्त कार्य गरे बापत ५ जना कर्मचारीहरुलाइ गाउँसभामा अतिरिक्त समय कार्य गरेबापत प्रोत्साहन भत्ता रु.३ लाख १८ हजार उपलब्ध गराएको छ । अतिरिक्त कार्य गरेको वस्तुगत सूचक र मापदण्ड तयार गरेर मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्दछ ।

३८ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण किफायती हुनुपर्ने र लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ मा अत्यावश्यक र नगई नहुने कार्यको लागि मात्र काज खटाउने र परिभाषित नगरिएको कामकाजका लागि भ्रमण खटाउन नहुने उल्लेख छ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले स्पष्ट उद्देश्य र प्रयोजन नखुलाई भ्रमण आदेश स्वीकृत गरेको तथा भ्रमण प्रतिवेदनमा समेत कार्यलयको कामकाज र प्रदेश तथा संघ सरकारसँग योजना माग गर्न गएको अस्पष्ट विवरण उल्लेख गरेको छ । यसरी स्पष्ट उद्देश्य र प्रयोजन नखुलाइ गरिने काज भ्रमण खर्चमा नियन्त्रण गरी आर्थिक मितव्ययिता अपनाउनु पर्दछ ।

३९ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ मा उल्लेख भएको सुबिधा बमोजिम आ.ब. २०८०/८१ मा ३८ जना पदाधिकारीलाई सेवा सुविधा वापत रु.७९ लाख ४३ हजार भुक्तानी भएको छ ।

४० **ऐन विपरितको सुविधा**

लुम्बिनी प्रदेशद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार वडा सदस्यहरुलाई मासिक रु.१०५०० का दरले सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था रहेकोमा पालिकाले वडा सदस्य राम प्रसाद बुढामगरलाई २०८० कार्तिक महिनाको सुविधा वापत गो.भौ.नं. ९५/२०८०/७/२० बाट रु.२०७९० सुविधा वापत उपलब्ध गराएको छ । कानून भन्दा बढी भुक्तानी भएको रु.१०३९५ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३९५ |

४१ **सुविधा भुक्तानी**

लुम्बिनी प्रदेशद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐनको दफा ४(१) अनुसार खानेपानी तथा सरसफाई सुविधा वापत वडा अध्यक्षहरुलाई प्रदान गरिएको खानेपानीको रु.२००० र सोही ऐनको दफा ४(२) अनुसार गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने मर्मत सम्भार र विद्युत ऊर्जा खर्च सुविधाको हटाइएको अवस्थामा पालिकाले सो ऐन विपरीत भुक्तानी भएको निम्नानुसारको पदाधिकारीलाई भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र सं | पदाधिकारीको नाम र पद | खानेपानी र सरसफाइ | मर्मत सम्भार र विद्युत उर्जा | असूल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष देवीलाल रोकामगर | २४००० | २४००० | ४७५२० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **४७,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **४७,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **४७,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **४७,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **४७,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **४७,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,५२० |

## ४२ **गैह सरकारी संस्था: हेफर नेपाल**

४२.१ पालिकाले गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र वीचको सहकार्यमा गरिबी निवारणको लागि दीर्घकालिन परियोजना संचालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक, उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्न रु.३५७१४२८५ को लागत अनुमान तयार गरी प्रस्ताव आह्वान गरेकोमा पालिकाको रु.२५०००००० र हेफर प्रोजेक्टले रु.१०७१४२८५ बेहोर्ने र मिति २०८२।३।१६ सम्म म्याद रहने गरी मिति २०७९।१०।१८ मा सम्झौता गरी कार्यादेश दिएकोमा यस वर्ष रु.८५४९६२२ खर्च भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

४२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन, २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्यून लागत विधिवाट छनौट गर्ने व्यवस्था छ । गाउँपालिका हेफर प्रोजेक्ट नेपालले पेश गरेको प्रस्तावको आधारमा सम्झौता गरी प्रचलित खरिद कानुनको पालना नगरी आर्थिक बर्ष २०८०।८१ मा खर्च लेखेको रु.८५४९६२२ नियमसम्मत नदेखिएको हुँदा पालिकाले खरिद कानून अनुसार कार्य गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ८५,४९,६२२ |

४२.३ पालिकाले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु कार्यालयका कर्मचारीहरु परिचालनवाट गराएको हुनुपर्दछ । पालिकाले यस कार्यक्रमबाट कार्यान्वियन गर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतना सम्बन्धी तालिम कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुबाट नै गराउन सक्नेमा कर्मचारीहरुबाट नगराई हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसम्मत देखिएन । अतः कार्यालयका कृषि शाखा तथा पशु शाखामा कार्यरत कर्मचारीलाई प्रभावकारी रुपमा उपयोग र परिचालन गरी पालिकाले कार्यसम्पादन गर्नुपर्दछ ।

४२.४ पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य स्थानीय साझेदार शहिद परिवार समाज नेपाल गैर सरकारी संस्था मार्फत गराएको छ । हेफर नेपाल संस्थावाट स्थानीय साझेदार संस्था शहिद परिवार समाज नेपाल गैर सरकारी संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।

४२.५ सम्झौताको बुँदा नं. ९ अनुसार साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकाबाट स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन ।

४२.६ सम्झौताको बुँदा नं. ८ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसबाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रमबाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन । उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को वास्तविक अवस्था एकिन गरेको छैन भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन । वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

४२.७ समग्रमा माथिका तथ्यहरुवाट यस कार्यक्रममा भएको खर्च नियमसम्मत देखिएन ।

## ४३ पकेट कार्यक्रमको निरन्तरता

४३.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन म्यानुअल २०७७ को परिच्छेद ४ अनुसार कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्‍याउने कृषि, पशुपन्छी, मत्स्य उत्पादन कार्यलाई व्यवस्थित गर्न तालिका नं. २ अनुसारका क्रियाकलापमा खर्च गर्ने र सो कार्यमा सन्तोषजनक नतिजा प्राप्त गरेको अवस्थामा पालिकाले पकेट कार्यक्रमको निरन्तरताको माध्यमबाट ब्लक कार्यक्रमको लागि आवश्यक न्यूनतम प्रविधि लगायतका विऊ विजन जस्ता कार्यमा खर्च गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले गत वर्ष समेत कृषि यान्त्रिकरण विऊ विजन, मल र तालिम संचालन भएकोमा यस वर्ष समेत माथि उल्लेखित क्रियाकलापहरु संचालन गरी निम्नानुसारको पकेट निरन्तरता कार्यक्रममा खर्च गरेको छ ।

| गो.भौ.नं. र मिति | कार्यक्रम संचालक समूहको नाम | यस वर्ष संचालित क्रियाकलाप | गत वर्ष पकेट कार्यक्रम | कुल भुक्तानी रकम |
|---|---|---|---|---|
| १४६/२०८१/३/१६ | चिनी कृषि सहकारी संस्था लि. पोवाङ | आलुको विउ खरिद, विषादी रासायनिक मल र कम्पोष्ट मल खरिद | आलुको विउ खरिद, विषादी रासायनिक मल र कम्पोष्ट मल खरिद | ३००००० |
| २५९/२०८१/३/३० | बर्गो कृषक समूह बाहिरी गाम | आलुको विउ खरिद, विषादी रासायनिक मल र कम्पोष्ट मल खरिद | आलुको विउ खरिद, विषादी रासायनिक मल र कम्पोष्ट मल खरिद | २८६२५० |
| १६७/२०८१/३/२१ | बर्गो कृषक समूह बाहिरी गाम | आलुको विउ खरिद, विषादी रासायनिक मल र कम्पोष्ट मल खरिद | आलुको विउ खरिद, विषादी रासायनिक मल र कम्पोष्ट मल खरिद | १५०००० |
| जम्मा | | | | ७३६२५० |

४३.२ कृषि पकेट कार्यक्रम संचालन गर्नको लागि पहाडी क्षेत्रमा न्यूनतम ७ हेक्टर जमिन भएको कृषक समूहलाई छनौट गरी कार्यक्रम संचालन गर्नुपर्नेमा सो नगरी गत वर्ष समेत टुक्रा पारी न्यूनतम मापदण्ड पुरा नभएको समूहलाई समेत अनुदान रकम प्रदान गरेको साथै यस वर्ष समेत टुक्रा पारी पकेट निरन्तरता अनुदानमा प्राप्त रकमलाई गत वर्षकै क्रियाकलापसँग मिल्ने क्रियाकलापमा खर्च गरेको देखिएकोले पालिकाले आगामी दिनमा निर्देशिका बमोजिम प्रतिफलयुक्त योजना छनौट गरी अनुदानको सही सदुपयोग गर्नुपर्दछ ।

## ४४ प्राङ्गरिक कृषि उत्पादन क्षेत्र विकास कार्यक्रम

लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयद्वारा जारी कार्यविधि अनुसार प्राङ्गारिक कृषि उत्पादन क्षेत्र विकास कार्यक्रमको लागि स्थानीय तहले प्राविधिक मापदण्ड र कार्यदल बनाई उपयुक्त स्थान छनौट गर्ने, कम्तीमा १५ घरधुरी समेटी कृषि समूह मार्फत प्राङ्गारिक खेती, उत्पादन, प्रमाणिकरण, बजारीकरण गतिविधिहरु, क्षमता अभिवृद्धि तथा प्रचारप्रसार र भकारो सुधार तथा बिऊ बेर्ना लगायत सिंचाई जस्ता क्रियाकलापको लागि सामुदायिक पूर्वाधार निर्माणमा ७५ प्रतिशत, यन्त्र उपकरण तथा अन्य सामाग्रीमा अधिकतम ५० प्रतिशत र क्षमता अभिवृद्धि कार्यक्रममा अधिकतम १० प्रतिशतसम्म खर्च गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित मापदण्ड अनुसार समूह छनौट गरी आवश्कताको पहिचान अनुसार लागत अनुमान तयार गरी कृषक समूहलाई कार्यक्रम संचालन गर्न कार्यादिश दिनुपर्नेमा कृषि तथा पशुपंछि समूहले निर्णय गरी विभिन्न बिऊ विजन खरिद, भकारो सुधार, सिंचाई व्यवस्थापन, जैविक विषादी र क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरेको भनी गो.भौ.नं. ९/२०८१/३/२२ बाट कार्य विपरीत हुने गरी रु.१० लाख भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

## ४५ सेनिटरी प्याड खरिद

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनिटरी प्याड वितरण गर्ने गरी सम्बन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी सोको भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाउँपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो.भौ.नं. ५८/२०८०/९/१९ बाट अरविन जनरल सप्लायर्सबाट ९९४३ प्याकेट प्रति प्याकेट रु.८९ (मु.अ.कर बाहेक) रु.९९९९६७ भुक्तानी भएको छ । सेनिटरी प्याड वितरण कार्य प्रभावकारी भए/नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेको छः

क) पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु संख्या यकिन गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले सो सम्बन्धी यथार्थ विवरण तयार नगरी ईमिसको डाटाको

आधारमा संख्या निर्धारण गरी खरिद गरेको हुँदा उक्त खरिद भएको परिमाणले छात्राहरुलाई सेनेटरी प्याड पर्याप्त मात्रामा प्राप्त गरे/नगरेको यकिन गरी आगामी दिनमा पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ दफा ५ अनुसार सार्वजनिक निकायले रु.१ लाख भन्दा बढी रकमको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सेनिटरी प्याड गर्नको लागि लागत अनुमान तयार नगरिकनै ३ वटा पार्टीसँग मूल्य सूची माग गरी कम कबोल गर्ने पार्टीसँग खरिद सम्झौता गरी सामान आपूर्ति गरेवापत रकम भुक्तानी भएको छ । पालिकाले आगामी दिनमा खरिद कानून अनुसार खरिद गर्नुपर्दछ ।

४६ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न ३३ सामुदायिक विद्यालयहरु मध्ये २ वटा शुन्य दरवन्दी रहेको बाँकी ३१ विद्यालयको दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | विद्यालयको नाम | कार्यरत शिक्षक | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | ने.रा मा.वि फगाम | ११ | ५३० | ४८ |
| २ | बालशिक्षा प्रा.वि. खालु | २ | ८ | ४ |
| ३ | जनता सुधार प्रा.वि. धुङसी | ४ | ६४ | १६ |
| ४ | जन कल्याण प्रा.वि धर्मशाला | ० | ५१ | ० |
| ५ | रिपुकोट प्रा.वि फगाम | २ | ६१ | ३१ |
| ६ | जनता मा.वि गाम | ९ | ५९९ | ६७ |
| ७ | बराह प्रा.वि पाङवाङ | ३ | १५४ | ५१ |
| ८ | चौवारी कुइपा धारा प्रा.वि | ३ | ११६ | ३९ |
| ९ | ने.रा.प्रा.वि गोहाखोला | ३ | ९९ | ३३ |
| १० | जनता आ.वि वाँसडाँडा | ६ | १६८ | २८ |
| ११ | श्री प्रा.वि डाङधारा गिच्छे | ३ | ९६ | ३२ |
| १२ | जन आवाज प्रा.वि झेलिखुङ | १ | ११३ | ११३ |
| १३ | बालज्योती प्रा.वि वर्गो | १ | ८० | ८० |
| १४ | विष्णु स्मृति प्रा.वि गाम | २ | ३४ | १७ |
| १५ | जन जागृती प्रा.वि शुल्कवाङ | ३ | ९३ | ३१ |
| १६ | ने.रा.प्रा.वि.ल्यावाङ | ३ | ९१ | ३० |
| १७ | रोल्वाङ मा.वि जेल्वाङ | ९ | ६०६ | ६७ |
| १८ | ने.रा.प्रा.वि ऐसलुखर्क | ३ | ४६ | १५ |
| १९ | जलजला प्रा.वि.खिवाङ | १ | ३२ | ३२ |
| २० | जन उज्जल प्रा.वि कोर्वाङ | १ | ४३ | ४३ |
| २१ | सहिद स्मृति प्रा.वि जेलवाङ | १ | २१ | २१ |
| २२ | लक्ष्मि प्रा.वि थनवाङ | ३ | ४६ | १५ |
| २३ | मेहेलधारा मा.वि जैमा | ७ | ३४८ | ५० |
| २४ | देवि मन्दिर मा.वि पोवाङ | ६ | २६१ | ४४ |
| २५ | नमुना मा.वि कसला | ९ | ४०८ | ४५ |
| २६ | नव चेतना प्रा.वि मावाङ | ३ | ५९ | २० |
| २७ | ज्ञानोदय प्रा.वि हाम्जा | २ | ४६ | २३ |
| २८ | सरस्वती मा.वि घुस्वाङ | ६ | २३९ | ४० |
| २९ | शाखा प्रा.वि फुलिवन | ३ | १९९ | ६६ |
| ३० | जनसेवा मा.वि सेरम | १० | २६४ | २६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | शिद्ध प्रा.वि झिञ्जा | ३ | १४५ | ४८ |
| ३२ | ने.रा.मा.वि स्युरी | ६ | ३६३ | ६१ |
| ३३ | सुनछहरी प्रा.वि. नारवाँङ | ० | ५९ | ० |
| | जम्मा | १२९ | ५५४२ | |

माथिको तालिकावाट शिक्षक विद्यार्थी अनुपात न्युनतम ४ देखि बढीमा ११३ सम्म देखिन्छ । यसवाट कतिपय विद्यालयमा विद्यार्थी अत्यन्तै न्युन र कतिपय विद्यालयमा अत्याधिक चाप परेको अवस्था छ । पालिकाले शिक्षक विद्यार्थी अनुपातको आधारमा भुगोल र दुरीको विश्लेषण गरी स्थानीय समुदायसँगको समन्वयमा विद्यालय मर्जरमा लैजानुपर्दछ ।

## ४७ बढी भुक्तानी

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० अनुसार स्थानीय तहले पाठ्यपुस्तक वापत रकम भुक्तानी गर्दा प्रथम किस्तामा ७५ प्रतिशत रकम ईमिस तथ्यांक अनुसार र दोस्रो किस्ता वापत थप २५ प्रतिशतसम्मको रकम विद्यार्थी भर्ना, वितरण भरपाई र पेश भएको विजकको आधारमा भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको विद्यालयलाई विद्यार्थी भर्ना, वितरण भरपाई र पेश भएको विजकको आधारमा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | कुल भुक्तानी | हुनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | ने.रा मा.वि फगाम | २८४७४८.२ | २८०६३८ | ४११०.२ |
| २ | जनाता मा वि वासाँडाडा | १११५०५ | १०८९७८.५ | २५२६.५ |
| ३ | रोल्वाङ मा.वि जेल्वाङ | ३१४५८२.८ | ३०७७९२.६ | ६७९०.२ |
| ४ | नमुना मा.वि कसला | २५४४७७ | २५००६७ | ४४१० |
| ५ | सरस्वती मा.वि घुस्वाङ | १३५७८१ | १३४५२४ | १२५७ |
| ६ | शाखा प्रा.वि फुलिवन | १०२३८०.७ | ९९६४६.४ | २७३४.३ |
| ७ | जनसेवा मा.वि सेरम | २०००५२.७ | १६६७७६.४ | ३३२७६.३ |
| ८ | ने.रा.मा.वि स्युरी | १९२७३८.७ | १८९६५७.३ | ३०८१.४ |
| जम्मा | | १५९६२६६.१ | १५३८०८०.२ | ५८१८५.९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,१८५.९ |

## ४८ राजश्व बाँडफाँडवाट शिक्षकको तलव भत्ता

पालिकाले यस वर्ष कार्यपालिकाबाट निर्णय गरी माध्यमिक तहतर्फ ७ वटा विद्यालयलाई ७ वटा शिक्षक दरबन्दीको मासिक रु.२७००० ले रु.२५२७०००, निम्न माध्यमिक तहतर्फ १ वटा विद्यालयलाई १ वटा शिक्षक दरबन्दीको मासिक रु.२१००० ले रु.२८३०००, प्राथमिक विद्यालयतर्फ ११ वटा विद्यालयलाई ११ वटा शिक्षक दरबन्दीको मासिक रु.१९००० ले रु.२८२७००० गरी कुल जम्मा रु.५६३७००० खर्च गरेको छ । नियमानुसार विद्यालयको शिक्षक विद्यार्थी अनुपात र भौगोलिक अवस्थाको आधारमा विद्यालयलाई एक आपसमा समायोजन गरी चालु खर्चमा कटौती गर्नुपर्दछ ।

## ४९ पर्यटन विकासको लागि गुरुयोजना निर्माण

४९.१ पालिकाले गाउँपालिकाको पर्यटन विकासको लागि गुरुयोजना निर्माण गरी प्रतिवेदन पेश गरेको आधारमा चेमला इन्जिनियरिङ सर्भिस प्रा.लि. लाई गो.भौ.नं. ५४०/२०८१/२/३२ बाट रु.९९७००० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सोधभर्ना आइटम वापत मुख्य जनशक्तिको स्थलगत भ्रमण, यातायात र विभिन्न वडास्तरीय, क्षेत्रगत समितिको छलफल लगायतका कार्यको लागि रु.३ लाख ४० हजार भुक्तानी भएकोमा उक्त भुक्तानी रकमलाई प्रमाणित गर्ने आवश्यक भरपाई र विजक पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४०,००० |

४९.२ पालिकाले माथि उल्लेखित कार्यको लागि परामर्शदाताले पेश गरेको की एक्सपर्ट र सपोर्टिङ स्टाफहरुको कार्य अनुभवको प्रमाणपत्र, उल्लेखित एक्सपर्टहरु उक्त फर्ममा कार्य गरिरहेको पत्र तथा अध्ययन अनुभवको प्रमाणित कागजात बेगर कार्यादेश दिई उक्त कार्यको लागि माथि उल्लेखित एक्सपर्ट तथा सहायक कर्मचारीको कार्य संलग्नता हुने प्रमाण कागजात बेगर भुक्तानी भएको हुँदा परामर्शदाताले भने अनुसारको म्यानपावर र म्यानडेज प्रयोग गरी उपयुक्त तवरले परामर्श प्रतिवेदन तयार भए नभएको सम्बन्धमा एकिन हुन सकिएन ।

## ५० **परामर्श सेवा खरिद**

५०.१ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो.भौ.नं र मिति | डि पि आर | परामर्शदाताको नाम | भुक्तानी रकम | निर्धारित लागत अनुमान | यस वर्ष वजेट विनियोजन |
|---|---|---|---|---|---|
| १२/२०८०/८/२२ | गोठवाङ, दङवाङ, डाँडाधारा सडक निर्माण योजना र झेलेगुम गुमछेडा योजना गरी २४ किमी डिपिआर तयारी | श्री शुभ विज्ञान इन्जिनियरिङ कन्सल्टेन्सी | १९९०००० | | नभएको |
| ७२/२०८०/६/२९ | सिउरी स्वास्थ्य भवन र नेरा मा वि भवन निर्माण डिपिआर | श्री शुभ विज्ञान इन्जिनियरिङ कन्सल्टेन्सी | १९९०००० | | १७५००००० |
| १३४/२०८१/२/९ | बुजुधुरी पर्यटकीय पूर्वाधार निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयारी | लिफ्ट कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ७९१८४७ | | ४५००००० |
| ६२९/२०८१/३/१६ | विवाङ दह पर्यटकीय पूर्वाधार निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयारी | श्री प्रोसेस इन्जिनियरिङ्ग सर्भिस प्रा.लि. | ४८८६०६ | | ४५००००० |
| ५४०/२०८१/२/३२ | पर्यटन गुरुयोजना निर्माणका लागि प्रतिवेदन तयारी | चेमला कन्सल्टिङ सर्भिस प्रा.लि. | ९९७००० | | नभएको |

५०.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित परामर्श खरिद कार्यको लागि गुण, कार्यक्षेत्र र कार्य प्रकृति एकै प्रकारको हुने कार्यको लागि प्याकेज तयार गरी खरिद नियमावली अनुसार राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी परामर्श सेवा प्रदाय बीच प्रतिस्पर्धा गराई मितव्ययी तवरले परामर्श सेवा खरिद गर्नुपर्नेमा विनियोजित बजेटको हाराहारी हुने गरी लागत अनुमान तयार गर्ने र ३ वटा परामर्शदाताबाट लागत अनुमान कै हाराहारी हुने गरी आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी सो बमोजिम कार्यादेश दिई TOR अनुसार इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्टमा छलफल र अन्तिम प्रतिवेदन उपर फिल्ड भेरिफिकेसन लगायतका कार्य नगरी भुक्तानी गर्ने गरेको देखिएकोले आगामी दिनमा खरिद ऐन तथा नियमावली बमोजिम मितव्ययी तवरले अत्यावश्यक परामर्श सेवा खरिद गर्नुपर्दछ ।

५०.३ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

५०.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भवन लगायतका अन्य विभिन्न कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

५०.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ ।

## ५१ विवाङ्गदह पर्यटकिय पुर्वधार विकास प्रतिवेदन तयारी

५१.१ पालिकाले गाउँपालिकाको विवाङ्दह पर्यटकीय पूर्वाधार विकास प्रतिवेदन तयारी गरी प्रतिवेदन पेश गरेको आधारमा प्रोसेस इन्जिनियरिङ सर्भिस प्रा.लि. लाई मिति २०८१।३।१३ सम्म अन्तिम प्रतिवेदन पेश गर्ने गरी २०८१।२।१४ मा सम्झौता गरी गो.भौ.नं. ६२९/२०८१/३/१६ बाट रु.४८८६०६.३५ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

५१.२ सोधभर्ना आइटम वापत मुख्य जनशक्तिको स्थलगत भ्रमण, यातायात र विभिन्न वडास्तरीय, क्षेत्रगत समितिको छलफल लगायतका कार्यको लागि रु.४८ हजार भुक्तानी भएकोमा उक्त भुक्तानी रकमलाई प्रमाणित गर्ने आवश्यक भरपाई र विजक पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,००० |

५१.३ पालिकाले माथि उल्लेखित कार्यको लागि टिम लिडर सहित ८ जना की एक्सपर्ट तथा सहयोगी कर्मचारीलाई १० देखि ३० दिनको लागि मु.अ.कर बाहेक रु.४००३९५ को लागत अनुमान तयार गरी सोको आधारमा परामर्शदाताले आर्थिक प्रस्ताव पेश गरी सोही बमोजिम रकम भुक्तानी भएकोमा उक्त विज्ञ तथा कर्मचारीले परामर्श प्रतिवेदन तयारीमा संलग्न रहेको प्रमाणपत्र तथा उल्लेखित एक्सपर्टहरु उक्त फर्ममा कार्य गरिरहेको पत्र तथा अध्ययन अनुभवको प्रमाणित कागजात बेगर कार्यादेश दिई भुक्तानी भएको हुँदा परामर्शदाताले भने अनुसारको म्यानपावर र म्यानडेज प्रयोग गरी उपयुक्त तवरले परामर्श प्रतिवेदन तयार भए नभएको यकिन हुन सकिएन ।

## ५२ औषधी खरिद

५२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार ५० लाखसम्म लागत अनुमान भएको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष ७५ आइटमको लागि मूल्य सूची माग गरी गो.भौ.नं. २९/२०८०/६/२९ बाट पाथिभारा मेडिसिन एण्ड सर्जिकल सप्लायर्सलाई औषधी आपूर्ति गरेवापत रु.१२४००७८ र २५ थरीको औषधीजन्य सामाग्री खरिद गरेवापत गो.भौ.नं. २०/२०८१/२/३२ बाट गुडलक मेडिसिन एण्ड सर्जिकल सप्लायर्सलाई रु.८९९७११ गरी कुल रु.२१३९७७९ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

५२.२ क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) अनुसार सार्वजनिक निकायले वार्षिक रु.१० लाखभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सो नियमावली विपरीत हुने गरी खरिद योजना तयार नगरी टुक्रा पारी औषधी खरिद गर्ने कार्य गरेको देखिएकोले आगामी दिनमा खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

ख) पालिकाकालाई आवश्यक पर्ने औषधी र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।

ग) आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ ।

घ) आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वा ७५ प्रतिशत अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।

ङ) यसवर्ष पालिकाले माथी उल्लेखित फर्मसँग रु.२१३९७८९ को औषधी खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा मुचुल्का तयार गरेको छैन । जसले गर्दा पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५३ **रोयल्टी**

लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुची ÷६ बमोजिम पहाडका जिल्लाहरुमा ढुङगा, गिटी, बालुवा, ग्राभेल प्रति क्युव फिट रु.६ र माटो संकलनमा प्रति क्युव फिट रु.३ का दरले शुल्क लगाई असुल गरिने ब्यबस्था छ । स्थानीय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्यु फिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ । पालिका भित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो, ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइको आधारमा खरिद गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो । ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाई प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुँदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी गाँउपालिकाले रोयल्टी रकम असुल गर्न प्रयत्न गर्नुपर्दछ ।

५४ **जटिल कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक, भवन, विभिन्न सुपरस्ट्रक्चर निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५५ **व्यवस्थापन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी गर्न आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई कन्टेन्जेन्सी वापतको रकमबाट ५० प्रतिशतसम्म व्यवस्थापन खर्च वापत भुक्तानी दिन सकिने तथा उक्त भुक्तानी रकम प्रयोगको प्रमाणित विल भरपाई र अन्य कागजात पेश गर्नुपर्ने व्यवस्था अनुरुप निम्नानुसारका उपभोक्ता समितिले व्यवस्थापन खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | झो.पु. निर्माण उ.स. | व्यवस्थापन खर्च वापत भुक्तानी भएको रकम |
|---|---|---|
| ३२/२०८१/१/१२ | किम्लेघाट झो.पु. योजना निर्माण उस | ४७५५४.८८ |
| ३४/२०८१/१/२८ | दोमई खोला झो.पु. योजना निर्माण उस | ४३७६३ |
| ३७/२०८१/२/२४ | धुस्वाङ झो.पु. योजना निर्माण उस | ४०९४८ |
| ४०/२०८१/२/२४ | वाहिरीगाम गिच्छे झो.पु. योजना निर्माण उस | ७०२१८ |
| जम्मा | | २०२४८३.८८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०२,४८३.८८ |

५६ **५ शैया अस्पताल**

५६.१ पालिकाले ५ शैया अस्पतालको लागि रु.७३७११२५.६६ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु.६०६४४६३९ कवोल गर्ने श्री ज्ञानज्योति जलजला जेभीलाई मिति २०८०।८।१० निर्माण कार्य सम्मन्न गर्ने गरी मिति २०७८।२।१० गते सम्झौता गरी कार्यादेश दिएकोमा साईट तयारी नभएको तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट डि पि आर रिपोर्ट स्वीकृत नभएको भनी निर्माण व्यवसायीलाई मिति २०७९।३।२४ मा प्रथम रनिङ विल वापत भुक्तानी गरी कार्य भैरहेको अवस्थामा विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत नभएको भनी पालिकाले २०७८।१०।१७ मा निर्माण कार्य अगाडि बढाउन रोक लगाएको भनी निर्माण व्यवसायीले कार्य रोकेको मिति २०८०।२।२१ मा पालिकाले निर्माण व्यवसायीलाई रिभाईज विस्तृत अध्ययन प्रतिवेदन अनुसार कार्य गर्न पत्राचार गरी निर्माण कार्य रोकिएको १ वर्ष ६ महिना अवधि थप गरी मिति २०८०।१०।१३ देखि २०८१ माघसम्म म्याद थप गरी यस आ.व. मा गो.भौ.नं. १७।२०८०।८।२२ बाट दोस्रो रनिङ्ग विल बापत रु.५९७५५१७.१४, गो.भौ.नं. ११७/२०८०/१२/३० बाट तेस्रो रनिङ विल वापत रु.४५००००० र गो.भौ.नं. ७/२०८१/३/२८ बाट चौथो रनिङ विल वापत रु.१०२००००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

५६.२ खरिद सम्झौता अनुसार निर्माण व्यवसायीले खरिद सम्झौता भएको ७ दिन भित्र वीमा गरी निर्माण कार्य गर्नुपर्नेमा पालिकाले उक्त निर्माण व्यवसायीलाई प्रथम रनिङ विलमा वीमा (२०७८।१०।१७ मा जारी भएको) वापत रु.९०००० भुक्तानी भएकोमा त्यसको अवधि २०८०।११।१७ मा समाप्त भई सकेको तथा वीमा नवीकरण भएको प्रमाण पेश नभएको कारण उक्त वीमा नवीकरण गरेको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

५६.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई ठेक्का आब्हान गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित कार्यको लागि विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत नभएको तथा निर्माण कार्यको लागि आवश्यक स्पेशको व्यवस्था नगरिकनै ठेक्का आव्हान गरेको कारण निर्माण सुरु हुनु पूर्वै १९.९३ प्रतिशत भेरियसन आदेश मिति २०७९।३।९ मा स्वीकृत गरी निर्माण कार्यादिश दिई निर्माण कार्य महँगो हुन गएको हुँदा वास्तविक धरातलको अध्ययन र साईटको सुनिश्चितता भएपछि मात्र ठेक्का सम्झौता गर्नुपर्दछ ।

५७ **ओभरहेड वापत रकम भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सो अनुसार मालसामानको लागतमा ओभरहेड थप गर्ने व्यवस्था छैन । कार्यालयले गो.भौ.नं. ३२/२०८०/९/२० बाट झोलुङ्गे पुलको स्टिल पार्टस आपूर्ति वापत जुनकिरी इन्डस्ट्रस प्रा.लि. लाई रु.३२३९८०४.४८ (भ्याद र पीएस बाहेक) भुक्तानी भएकोमा कार्यालयले लागत अनुमान तयार गर्दा जिल्ला दररेट तथा निर्माण कम्पनीले उपलब्ध गराउने रेटमा ओभरहेड बापत १५%

रकम जोडि लागत अनुमान तयार गरी सोहि अनुसार ठेक्का आव्हान गरि निर्माण व्यवसायीले सोही अनुसार ओभरहेड वापत रु.४८५९७० समावेश हुने गरी भुक्तानी भएको हुँदा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८५,९७० |

५८ **वीमा**

खरिद सम्झौता अनुसार कार्यादेश प्राप्त भएको मितिले ७ दिनभित्र वीमा गरी निर्माण कार्य शुरु गर्नुपर्नेमा पालिकाले निम्नानुसारको योजनामा अन्तिम बिल भुक्तानीको समयमा जारी भएका प्रयोजनविहिन वीमाको रकम भुक्तानी भएको हुँदा उक्त रकम असुल गरी दाखिला गरी गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | योजनाको नाम | निर्माण व्यवसायी | सम्पन्न गर्नुपर्ने मिति | कार्य सम्पन्न भएको मिति | वीमा जारी गरेको मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १७९/२०८१/३/२४ | स्युरी स्वास्थ्य चौकी भवन निर्माण | धर्मेन्द्र निर्माण सेवा | २०८१।२।३२ | २०८१।२।२३ | २०८१।३।१७ | ३३९६२ |
| १२५/२०८१/१/२६ | धुर्लुङ रिजा फगाम घुङ्सी मो.बा. निर्माण | तुलसी निर्माण सेवा | २०८०।१२।३० | २०८०।१२।३० | २०८०।११।२ | ३४३७० |
| | जम्मा | | | | | ६८३३२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,३३२ |

५९ **पुर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौताले तोकेको समयमा सम्पन्न हुन नसकेको अवस्थामा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरि प्रतिदिन शुन्ना दशमलव शून्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारको गो.भौ.नं. बाट निम्नानुसारको कार्यको लागि तोकिएको अवधिभन्दा ढिला निर्माण कार्य सम्पन्न गरेको देखिएकोले नियमानुसार कबोल अंकको ०.०५% प्रति दिनका दरले कायम हुने पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | निर्माण व्यवसायी | कबोल अंक (भ्याद र पीएस बाहेक) | निर्माण सम्पन्न गर्नुपर्ने मिति | निर्माण सम्पन्न भएको मिति | ढिला भएको दिन | पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम |
|---|---|---|---|---|---|---|
| १७४/२०८१/३/२० | लक्ष्मी निर्माण सेवा | २२९३४८८ | २०८१।२।३२ | २०८१।३।५ | ५ दिन | ५७३५ |
| १६४/२०८१/३/१६ | लक्ष्मी निर्माण सेवा | २५३८२५० | २०८१।२।३२ | २०८१।३।५ | ६ दिन | ७६१४ |
| जम्मा | | | | | | १३३४९ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **१,६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-८** को निर्णयले रू **१०,५४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,३४९ |

६० **पन्चवर्षिय आवधिक योजना**

६०.१

पालिकाले गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजना तयार गरी पेश भएको विल भरपाईको आधारमा गो.भौ.नं. ६४/२०८०/६/२२ बाट प्रथम किस्ता वापत रु.७६१५९२ र दोस्रो तथा अन्तिम किस्ता वापत गो.भौ.नं. १५२/२०८०/८/२६ बाट रु. ११९९६६१ गरी गोरखकाली मनकामना अध्ययन तथा अनुसन्धान केन्द्रलाई रु.१९०४२०९ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

६०.२ सोधभर्ना आइटम वापत मुख्य जनशक्तिको स्थलगत भ्रमण, यातायात र विभिन्न वडास्तरीय, क्षेत्रगत समितिको छलफल लगायतका कार्यको लागि रु.४ लाख ५० हजार भुक्तानी भएकोमा उक्त भुक्तानी रकमलाई प्रमाणित गर्ने आवश्यक भरपाई र विजक पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

६०.३ TOR अनुसार इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट र अन्तिम रिपोर्टमा छलफल गरी सुझावको लागि प्रदान भएका मार्गदर्शन सहितको म्याइन्युट पेश गर्नुपर्दछ ।

६०.४ पालिकाले माथि उल्लेखित कार्यको लागि परामर्शदाताले पेश गरेको की एक्सपर्ट र सपोर्टिङ स्टाफहरुको कार्य अनुभवको प्रमाणपत्र, उल्लेखित एक्सपर्टहरु उक्त फर्ममा कार्य गरिरहेको पत्र तथा अध्ययन अनुभवको प्रमाणित कागजात बेगर कार्यादेश दिई उक्त कार्यको लागि माथि उल्लेखित एक्सपर्ट तथा सहायक कर्मचारीको कार्य संलग्नता हुने प्रमाण कागजात बेगर भुक्तानी भएको हुँदा परामर्शदाताले भने अनुसारको म्यानपावर र म्यानडेज प्रयोग गरी उपयुक्त तवरले परामर्श प्रतिवेदन तयार भए नभएको सम्बन्धमा एकिन हुन सकिएन ।

### ६१ टुक्रा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गरी सोको आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो.भौ.नं. बाट बाटो मर्मत तथा खन्ने कार्यको लागि विभिन्न स्थानको फरक फरक लागन अनुमान तयार गरी सोको आधारमा ३ वटा निर्माण व्यवसायीबाट दररेट माग गरी लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरी भुक्तानी गरेको देखिएकोले आगामी दिनमा कार्य प्रकृति, कार्य क्षेत्र र लाभ लागत विश्लेषण गरी खरिद कार्यको सम्भावित प्याकेज तयार गरी मितव्ययी तवरले खरिद कानून अनुसार खरिद गर्नुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यावसायीको नाम | लागत अनुमान (प्रति घन मिटर) | कबोल रकम (प्रति घन मिटर) | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | सडक मर्मत सम्भार | केशव निर्माण सेवा | ११२.०८ | १११ | ०.०१ | ७, ३७ , ०२९ |
| २ | सडक मर्मत सम्भार | दहबंग कन्स्ट्रक्सन प्रा ली | ११३.६९ | ११३.५ | ०.००२ | ९, ५३ , ७३७ |
| ३ | सडक मर्मत सम्भार | लुम्बिनी जलजला मल्टिकन्स्ट्रक्सन प्रा ली | ११५.७६ | ११५.५ | ०.००२ | ९, ४९ , ७०९ |
| ४ | सडक मर्मत सम्भार | रविध कन्स्ट्रक्सन प्रा. ली | ११३.९५ | ११३ | ०.००८ | ८, ०३ , ८०७ |
| ५ | सडक मर्मत सम्भार | सुवर्णावती कन्स्ट्रक्सन प्रा ली | ११३.६९ | ११३.२ | ०.००४ | ८५८,११९ |
| ६ | सडक मर्मत सम्भार | त्रिपुरेश्वरी निर्माण सेवा | ११५.७६ | ११५ | ०.००७ | ३, ५८ , १७५ |
| जम्मा रकम | | | | | | ३८८८२७६ |

६२ **त्रिवर्षिय मध्यकालिन खर्च संरचना**

६२.१ पालिकाले गाउँपालिकाको त्रिवर्षिय मध्यकालिन खर्च संचरना निर्माण गरी पेश गरेको आधारमा गो.भौ.नं. १५१/२०८०/८/२६ बाट मनकामना अध्ययन तथा अनुसन्धान केन्द्रलाई रु.४९९९९९ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

६२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले रु.१ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद नियमावलीको नियम ७२ अनुसार रु.२० लाखभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिमको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले माथि उल्लेखित कार्यको लागि सो कार्य नगरी सोझै खरिद गरेको देखिएकोले आगामी दिनमा कानूनी प्रकृया बमोजिम मितव्ययी ढंगले खरिद कार्य गर्नुपर्दछ ।

६२.३ पालिकाले माथि उल्लेखित कार्यको लागि टिम लिडर, पर्यटन विज्ञ, संस्कृतिविद, सिभिल इन्जिनियर र सहयोगी स्टाफलाई २० देखि ५६ दिनको लागि मु.अ.कर बाहेक रु.५४४८४९ को लागत अनुमान तयार गरी सोको आधारमा परामर्शदाताले आर्थिक प्रस्ताव पेश गरी सोही बमोजिम रकम भुक्तानी भएकोमा उक्त विज्ञ तथा कर्मचारीले परामर्श प्रतिवेदन तयारीमा संलग्न रहेको प्रमाणपत्र तथा उल्लेखित एक्सपर्टहरु उक्त फर्ममा कार्य गरिरहेको पत्र तथा अध्ययन अनुभवको प्रमाणित कागजात बेगर कार्यादेश दिई भुक्तानी भएको हुँदा परामर्शदाताले भने अनुसारको म्यानपावर र म्यानडेज प्रयोग गरी उपयुक्त तवरले परामर्श प्रतिवेदन तयार भए नभएको यकिन हुन सकिएन ।

६३ **रोजगारी सिर्जना कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तहभित्र रोजगार सृजनाको कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि युवा रोजगारको लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन), २०७९ तयार गरेको छ । यस कार्यक्रमका लागि रु.५२ लाख ७७ हजार बजेट विनियोजन भई रु.५२ लाख ७७ हजार निकासा गरी पालिका मातहतका ७ वडामा १४ वटा योजना सञ्चालन गरी यस वर्ष ७२९ जना महिला र ५४६ जना पुरुष गरी जम्मा १२७५ जना

सूचीकृत भएकोमा महिला ४७ जना र पुरुष ३२ गरी जम्मा ७९ जनालाई औषत १०० दिन रोजगारी उपलब्ध गराई रु.५२ लाख ७७ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएको र लागत अनुमानमा श्रम ज्याला वापत एकमुष्ठ रुपमा रकम खर्च गरेकोले उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६४ **प्रमाण पेश गर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) अनुसार अधिकारी प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून अनुसार भए/नभएको, उपयुक्त प्रमाण कागजात भए/नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका विभिन्न वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न बाटो खन्ने तथा मर्मत कार्यको लागि विभिन्न योजनाहरु संचालन गरी सम्बन्धित स्वयंसेवक श्रमिकलाई रकम भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा एकै किसिमका साधारण माटो कटाई, कडा माटो कटाई र साधारण चट्टान कटाई भनी क्रमशः प्रति घन मिटर रु.३३४, रु.४००.८० र रु.१३२६ का दरले भुक्तानी भएकोमा क्रस सेक्शनल नापी किताव पेश नभएको साथै माटो र चट्टान कटाईको प्रमाण पेश नगरी भुक्तानी दिने कार्य नियमित नभएको हुँदा उक्त कार्यको प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम र वडा नं. | माटोको परिमाण (घन मिटर) | | साधारण चट्टान | श्रमिक संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| | | साधारण | कडा | | | |
| १८२/२०८१/२/९ | नैवाङ खोला देखि घोडाकण्डेसम्म गोरेटो बाटो निर्माण (वडा नं. ७) | ५६ | ४२० | ३६ | ३ (औषत कार्यदिन १००) | २००४०० |
| १८१/२०८१/२/९ | साधिवाङ देखि राङसीसम्म गोरेटो बाटो निर्माण (वडा नं. ७) | ६३ | ५०९ | ३४ | ४ (औषत कार्यदिन १००) | २६७२०० |
| | चालवाङ देखि जुरेसम्म गोरेटो बाटो निर्माण योजना (वडा नं. २) | ६० | ६०० | ५६ | ५ (औषत कार्यदिन १००) | ३३४००० |
| | लुङ्मा देखि मौलाबनसम्म गोरेटो बाटो निर्माण (वडा नं. ३) | १०० | ६७८ | २३ | ५ (औषत कार्यदिन १००) | ३३४००० |
| जम्मा | | | | | | ११३५६०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३५,६०० |

६५ **दक्ष श्रमिक तथा निर्माण सामाग्रीको रकम भुक्तानी**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६५, मिति २०८०।११।१४ को परिपत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वियन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री लगायतका अन्य सामाग्रीहरु प्रचलित दररेट बमोजिक स्थानीय तहको स्रोतबाट बेहोर्ने गरी लागत साझेदारी गरी आयोजना संचालन गर्न सकिने व्यवस्था उल्लेख छ । पालिकाले निम्नानुसारको योजनामा माटो खन्ने काममा १ घ.मि. मा प्लान्ट्स एण्ड इक्युप्मेन्ट वापत रु.१४.०३ र सुख्खा गारो निर्माणको लागि १ घ.मि. ढुङ्गाको लागि रु.२२९६ र दक्ष श्रमिकलाई रु.६६८ का दरले परिपत्र विपरित भुक्तानि दिएको रु.

| गो.भौ.नं. र मिति | योजनाको नाम | भुक्तानी भएको आइटम र परिमाण | ढुङ्गा खरिद वापतको भुक्तानी | दक्ष श्रमिकको भुक्तानी | अन्य सामाग्रीको भुक्तानी | कुल भुक्तानी |
|---|---|---|---|---|---|---|
| १६१/२०८१/२/९ | भुङ्गीवाङ पुलफेद देखि नयाँ गाउँ मो.बा. सिढी निर्माण योजना | नरम माटो खन्ने काम (३४५ घ.मि.) | ० | ० | ४८४० | ३५१६२८ |
| | | सुख्खा गारो लगाउने कार्य (११७ घ.मि.) | २६८६३२ | ७८१५६ | | |
| १७३/२०८१/२/९ | चङ्गा धारा देखि पोवाङ खोरे सम्म गो.बा. मर्मत तथा सिढी निर्माण योजना | नरम माटो खन्ने काम (२१२ घ.मि.) | | ० | ३३९८ | ३५८१०६ |
| | | सुख्खा गारो लगाउने कार्य (१६७ घ.मि.) ढुङ्गा प्रति घ मि रु.१४५६ | २४३१५२ | १११५५६ | | |
| जम्मा | | | | | | ७०९७३४ |

| | |
|---|---|
| अनियमित भएको | ७,०९,७३४ |

## ६६ सामाजिक सुरक्षा

६६.१ पालिकाले यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा रु.२ करोड २५ लाख ४५ हजार निकासा दिई रु.२ करोड २४ लाख ८० हजार लाभग्राहीलाई वितरण गरी रु.६५ हजार फिर्ता गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

६६.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । पालिकाले आगामी दिनमा आवधिक रुपमा प्रगति प्रतिवेदनको विश्लेषण गर्नुपर्दछ ।

६६.३ पालिकाले सामाजिक सुरक्षाको विवरण तयार गर्दा आ.व. २०७९।८० मा अन्तिममा कायम भएको लाभग्राहीलाई आ.व. २०८०।८१ को सुरुमा जिम्मेवारी सारी त्यसमा लगत कट्टाको विवरण कट्टी गरी नया थप विवरण गरी नयाँ लागभ्राहीको विवरण तयार गरी भुक्तानी दिनुपर्नेमा पालिकाले तयार गरेको निम्न अनुसारको डाँटा फरक परेको हुँदा पालिकाले छानविन गर्नुपर्दछ ।

| लक्ष्य समूह | गत वर्षको अन्तिम त्रैमासिकमा कायम रहेका लाभग्राहीको संख्या | यस आ.व. मा नवीकरण भएको संख्या | फरक संख्या |
|---|---|---|---|
| अन्य ज्येष्ठ नागरिक भत्ता | १३१० | १३०७ | ३ |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | ११५ | ११३ | २ |
| ज्येष्ठ नागरिक एकल महिला | १३४ | १३३ | १ |
| विधवा | २६३ | २६२ | १ |
| पूर्ण अपांगता भत्ता | १८ | १८ | ० |
| अति अशक्त अपांगता भत्ता | ७८ | ७८ | ० |
| क्षेत्र तोकिएका बालबालिका | ९०५ | ८७२ | ३३ |
| दलित बालबालिका | २५८ | २४२ | १६ |
| जम्मा | ३०८१ | ३३९२ | ३११ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सुनछहरी गाउँपालिका, रोल्पा , सुन्छहरी गाउँपालिका , रोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Lalsing Khadka | २०७९-४-२४ | २०८१-६-११ |
| कार्यालय प्रमुख | Prem Bahadur Gharti | २०८१-६-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | basant neupane | २०७९-९-२४ | २०८०-५-२२ |
| लेखा प्रमुख | Manish Sunar | २०८१-६-२० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९८१,०७६.९ | १२,८४५,५१६ | २,४६६,०८३.८८ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,२९२,६७६.७८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २९७,३२५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,९९५,३५१.७८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४८७७२१७५.६७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ११५९१५५३०.७१ | **चालु खर्च** | २३२००४६८९.०३ |
| **प्रदेश सरकारबाट अनुदान** | २१५१९५१६ | **पूँजीगत खर्च** | ९२२०७७१५ |
| **राजश्व बाँडफाँट** | ९१८९६११२.३२ | **वित्तीय/अन्य व्यवस्था** | ११५५६२४६९.५६ |
| **आन्तरिक आय** | २६७६७९०.९९ | | |
| **अन्य आय** | १०८६१६१२० | | |
| **कुल आय** | ४२०६२४०७०.०२ | **कुल खर्च** | ४३९७७४८७३.५९ |
| **बाँकी मौज्दात** | | २९६२१३७२.१ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षणको दरबन्दी पदपूर्ति गराई त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।